आज मिति २०७९/०७/०४ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख

२. सरिता गुरुङ, वडा सदस्य, वडा नं. ३

३. उद्गम तिमिल्सिना, लेखा अधिकृत

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: १०

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०७९।०७।०४

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यलय, कुरिनटार ।

बैठक समय: विहान ११ बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।०७।०४ | ११:०० | गाउँ शिक्षा योजना निर्माणका लागि समिति गठन सम्बन्धमा | शिक्षा शाखा | |
| २०७९।०७।०४ | ११:०५ | विद्यालय बस सञ्चालन गर्न प्रतिवद्धता जनाउने सम्बन्धमा | शिक्षा शाखा | |
| २०७९।०७।०४ | ११:१० | भुक्तानी दिने सम्बन्धका | शिक्षा शाखा | |
| २०७९।०७।०४ | ११:१५ | रकम बिनियोजन सम्बन्धमा | आर्थिक प्रशासन शाखा | |
| २०७९।०७।०४ | ११:२० | ग्रामिण वद्युतीकरण तथा वितरण लाईन सुदृढीकरणको लागि रकम उपलब्ध गराउने सम्बन्धमा | प्रशासन शाखा | |
| २०७९।०७।०४ | ११:२५ | दायित्व सिर्जना भएको योजनाको भुक्तानी सम्बन्धमा | योजना/आर्थिक प्रशासन शाखा | |
| २०७९।०७।०४ | ११:३० | उत्खननका लागि सहजिकरण सम्बन्धमा | योजना शाखा | |

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।०६।१४ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. इच्छाकामना गाउँपालिकाको विद्यालयहरुको समग्र शैक्षिक, भौतिक, पूर्वाधार विकासका लागि अवसर र चुनौतिहरुबीच तादम्यता कायम गर्न १० बर्षे गाउँ शिक्षा योजना निर्माण गर्न देहाय बमोजिमको व्यक्तिहरुको संलग्नतामा गाउँ शिक्षा योजना निर्माण समिति गठन गर्ने
संयोजकः लक्ष्मण प्रजा (संयोजक सामाजिक विकास समिति)
सदस्यः शिव प्रसाद तिमल्सेना (प्रतिनिधि नेपाल शिक्षक महासंघ)
सदस्यः जोहन खरेल (शिक्षक सर्वशान्ति माध्यमिक विद्यालय)
सदस्यः भविश्वर गुरुङ (शिक्षक राष्ट्रिय आधारभूत विद्यालय फिस्लिङ)
सदस्यः देव कुमार गुरुङ (शिक्षक राष्ट्रिय आधारभूत विद्यालय पैरेनी)
सदस्यः ज्ञान कुमारी गुरुङ (शिक्षक श्री देउराली आधारभूत विद्यालय सुन्दर बस्ती)
सदस्य सचिबः दुर्गा देवी खड्का (शिक्षा अधिकृत)

२. बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौंडाबाट सर्व शान्ति माध्यमिक विद्यालय कुरिनटार, इच्छाकामना गाउँपालिका ४ चितवनलाई प्राप्त हुने विद्यालय बसको लागि आवश्यक सहयोग गर्न प्रतिबद्धता जनाउने ।

३. आ.व. २०७९।८० मा खेलकुद शिर्षक अन्तर्गत मनकामना यसवा क्लवले पेश गरेको विल तथा भर्पाईको आधारमा रु. ५०,०००।- (अक्षरेपी पचास हजार मात्र) भुक्तानी दिने ।

४. आ.व. २०७९।८० को भैपरी आउने पुँजीगत खर्च शीर्षकबाट धरौटी फिर्ता शीर्षकमा आवश्यक रकम रु.३,१२,९०९.४९।- (अक्षरेपी तीन लाख बाह्र हजार नौ सय नौ रुपैयाँ उनन्पचास पैसा मात्र) विनियोजन गर्ने ।

५. ग्रामिण विद्युतीकरण कार्यक्रम अन्तर्गत मर्स्याङ्दी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र गाउँपालिकाको लागत साझेदारीमा गाउँपालिकाको ३,४,५ र ६ नम्बर वडाहरुमा विद्युत विस्तार तथा सुदृढीकरण परियोजना सञ्चालन गर्न आ.व. २०७९।८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ग्रामिण विद्युतीकरण शिर्षक र सो शिर्षकमा खर्च गर्न मिल्ने अन्य शिर्षकहरुबाट मर्स्याङ्दी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई रु. १०,००,०००।०० (अक्षरेपी दश लाख मात्र) उपलब्ध गराउने ।

६. इच्छाकामना मन्दिरको सम्पन्न योजनाको लागि बिल भर्पाई बमोजिम भुक्तानी गर्न आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी आवश्यक रकम रु. १६,००,०००।- (अक्षरेपी सोह्र लाख मात्र) भैपरी पुँजीगत खर्च शिर्षकबाट विनियोजन गर्ने ।

७. रिग्दी खोला ढुङ्गा खानी उद्योग प्रा. लि. को तर्फबाट श्री दिपेन्द्र चापागाईलले पेश गरेको निवेदन अनुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धमा थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने ।

2078/6/8

2078/6/8